*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ. ६९–७७*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# पहिचानवादी नेपाली काव्यिक आन्दोलनको विश्लेषण

राजेश विद्रोही

उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

rajeshbidrohi@gmail.com

## लेखसार

नेपाली साहित्यमा अभियानहरूको औपचारिक आरम्भ प्राथमिक कालको उत्तरार्द्धबाट भएको हो । खास गरी जोसमनी सम्प्रदायका सन्तहरूले यस्तो अभियान चलाएको पाइन्छ । त्यसयता नेपाली भाषाको स्तरीकरण, मानकीकरण तथा नेपाली साहित्यको विकास र प्रवर्धनका लागि थुप्रै अभियान र आन्दोलनहरू चलेका छन् । यसै क्रममा आधुनिक कालको पछिल्लो चरणमा पहिचानवादी स्वर र आग्रह बोकेका अभियानहरू सञ्चालन भएका छन् । यस अध्ययनमा पहिचानवादी स्वर बोकेका तिनै आन्दोलनहरूको विश्लेषण गरिएको छ । नेपाली साहित्यमा चलेका यस्ता अभियानहरू कुन पृष्ठभूमिमा सञ्चालन भएका छन् भन्ने विषयलाई यहाँ मूल समस्याका रूपमा लिइएको छ । यो मूल समस्याका साथै यहाँ पहिचानलाई मूल विषय बनाएर नेपाली साहित्यमा के–कति अभियान सञ्चालन भएका छन् र पहिचानवादी अभियानहरूको प्रभाव नेपाली साहित्यमा कस्तो परेको छ भन्ने प्रश्नहरूमा यो अध्ययन केन्द्रित छ । यी प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । त्यसैले पहिचानलाई मूल विषय बनाएर नेपाली साहित्यमा चलेका अभियानहरूको खोजी गर्नु र नेपाली साहित्यमा परेको पहिचानवादी अभियानहरूको प्रभावको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो । पुस्तकालयीय स्रोतका सङ्कलित सामग्रीहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोगबाट व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुगिएको यस लेखबाट नेपाली साहित्यमा अहिलेसम्म पहिचानवादी स्वर र आग्रह बोकेका पाँचवटा अभियानहरू सञ्चालन भएका र यी अभियान तथा आन्दोलनहरूले नेपाली भाषा तथा साहित्यमा सकारात्मक प्रभाव पारेको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : जनजाति, पहिचान, समावेशिता, सांस्कृतिक अध्ययन, साहित्यिक अभियान

## विषयपरिचय

सीमान्तीकृत समुदायका पहिचानको संरक्षण गर्दै तिनलाई मान्यता दिइनुपर्ने मूल कथ्यमा केन्द्रित भएर साहित्य लेखिनुपर्ने आग्रहसहित सञ्चालन भएका नेपाली काव्यिक आन्दोलनको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको विषय हो । नेपाली भाषाको स्तरीकरण, मानकीकरण तथा नेपाली साहित्यको विकास र प्रवर्धनका लागि थुप्रै अभियान र आन्दोलनहरू चलेका छन् । कतिपय अभियान र आन्दोलनहरू अहिले पनि चलिरहेकै छन् । यीमध्ये कतिपय आन्दोलनहरू भाषाको स्तरीकरण र विकाससँग सम्बन्धित छन् भने कतिपय अभियानहरू साहित्यको वैचारिक पक्षसँग सम्बन्धित छन् । यस्तै कतिपय साहित्यिक आन्दोलन र अभियानहरू सामाजिक राजनीतिक परिवर्तनको उद्देश्यले पनि सञ्चालन गरिएका देखिन्छन् । पहिचानवादी काव्यिक अभियान वा आन्दोलनहरू पनि सामाजिक तथा

राजनीतिक परिवर्तनको उद्देश्यले नै सञ्चालन गरिएका पाइन्छन् । "साहित्यमा नयाँ–नयाँ घोषणा गर्ने र शिल्प, शैली, विचार वा लेखनपद्धतिमा परम्पराभन्दा एक पाइला फरक हुने खाले आन्दोलनहरू नेपाली साहित्यमा पनि प्रशस्तै देखिएका छन्" (भट्टराई, २०६७, पृ. ५) । नेपाली भाषा तथा साहित्यमा चलेका यस्ता अभियान र आन्दोलनहरूमध्ये उपेक्षित तथा उत्पीडित समुदायका पहिचानलाई महत्त्व दिइनुपर्ने आग्रह बोकेर केकति अभियान र आन्दोलनहरू सञ्चालन भएका छन् भन्ने तथ्यको विश्लेषणलाई यस शोधकार्यमा प्रमुख विषय बनाइएको छ । यी आन्दोलन र अभियानहरूले नेपाली साहित्य लेखनमा पारेको प्रभावलाई पनि यस शोधमा विश्लेषण गरिएको छ ।

नेपाली भाषासाहित्यका अभियान/आन्दोलनहरूका सम्बन्धमा धेरै समालोचक, चिन्तक र शोधार्थीहरूले कलम चलाइसकेका भए पनि पहिचानका मुद्दालाई नै केन्द्र बनाएर सञ्चालन भएका अभियान/आन्दोलनहरूबारे छुट्टै अध्ययन गरिएको पाइँदैन । नेपाली साहित्यमा चलेका यस्ता अभियानहरू कुन पृष्ठभूमिमा सञ्चालन भएका छन् भन्ने विषयलाई यहाँ मूल समस्याका रूपमा लिइएको छ । यो मूल समस्याका साथै यहाँ पहिचानलाई मूल विषय बनाएर नेपाली साहित्यमा केकति अभियान सञ्चालन भएका छन् र पहिचानवादी अभियानहरूको प्रभाव नेपाली साहित्यमा कस्तो परेको छ भन्ने प्रश्नहरूमा यो अध्ययन केन्द्रित छ । यी प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । त्यसैले पहिचानलाई मूल विषय बनाएर नेपाली साहित्यमा चलेका अभियानहरूको खोजी गर्नु र नेपाली साहित्यमा परेको पहिचानवादी अभियानहरूको प्रभावको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो ।

पहिचान (परिचय) को अध्ययनलाई सांस्कृतिक अध्ययनका रूपमा लिने गरिन्छ । बेलायतको बर्मिङ्घम युनिभर्सिटीमा सन् १९६४ मा स्थापना भएको 'सेन्टर फर कन्टेम्पररी कल्चरल स्टडिज' नै सांस्कृतिक अध्ययनको जेठो सम्प्रदाय हो । यस केन्द्रले विकसित गरेको पद्धतिलाई ब्रिटिस सांस्कृतिक अध्ययनका रूपमा लिइन्छ (पाण्डेय, २०७३, पृ. ५९) । यस अध्ययनलाई मूल रूपमा रिचार्ड होगार्ट, रेमन्ड विलियम्स, ई.पी. थम्पसन र स्टुआर्ट हलले अगाडि बढाए । ब्रिटिस सांस्कृतिक अध्ययनमा नारीवाद र नश्ल/जातीय चेतनाको आगमनले अर्को मोड ल्याएको यसका सशक्त अभियन्तामध्ये एक हलले बताएको पाण्डेय (२०७३) ले उल्लेख गरेका छन् (पृ. ६६) ।सांस्कृतिक अध्ययनको विकास हुनुभन्दा अगाडि बेलायती समाजमा मूल धारको संस्कृतिका रूपमा अभिजातीय संस्कृतिलाई र श्रमिक तथा अन्य सामान्य जनका संस्कृतिलाई उपसंस्कृतिका रूपमा लिने गरिन्थ्यो । सांस्कृतिक अध्ययनको यस्तो वर्गीकरणको आलोचना गर्दै उपसंस्कृतिलाई मूल धारका रूपमा स्थापित गर्ने र त्यसलाई महत्त्व दिने काम गऱ्यो । यस पृष्ठभूमिमा अमेरिकी सांस्कृतिक अध्ययनले भने रक म्युजिक, एमटिभी र निश्चित चलचित्रहरूले उत्तरआधुनिक लोकप्रिय (पपुलर) संस्कृतिको निर्माण गरेको ठान्दछ । अमेरिकी सांस्कृतिक अध्ययनले यस्तो लोकप्रिय संस्कृतिमा पाइने समुदायको विशिष्ट पहिचान, त्यसमा देखिने संस्कृतिको विकेन्द्रण, संस्कृतिको ठिमाहा रूप, सांस्कृतिक विलयन वा ग्रहण आदिसँग सम्बन्धित विशेषताको अध्ययन गर्छ ।

सन् १९७० भन्दा अगाडि अमेरिका 'मेल्टिङ पट' का रूपमा चिनिन्थ्यो । गैरअमेरिकीहरूको संस्कृतिको विलयन र अमेरिकीकरणको अवस्थाका कारण 'मेल्टिङ पट' का रूपमा चिनिएको हो । सन् १९७० यता पहिचानको आन्दोलन विकसित भएपछि अमेरिकी समाजमा बिस्तारै 'सलाद बावल कल्चर' विकसित भएको मानिन्छ । सलादका लागि उपयोग गरिएका सबै फलहरूको स्वायत्त पहिचान र विशेषता सलादको प्लेटमा कायम भएजस्तै गैरअमेरिकीहरूको संस्कृतिले पनि स्वीकार्यता र स्थान प्राप्त गरेको मानिन्छ (पाण्डेय, २०७३, पृ. ७०–७१) ।जुनसुकै समाजमा पनि एउटा वर्चस्वशाली समुदाय हुन्छ । सत्तामा बसेको त्यसै समुदायको संस्कृतिले फस्टाउने र विकसित हुने अवसर प्राप्त गर्छ । उपेक्षित र उत्पीडित समुदायका संस्कृतिले फस्टाउने र विस्तार हुने अवसर पाउँदैनन् । बरु

यस्ता संस्कृतिहरू सत्तापोषित संस्कृतिबाट उत्पीडनमा परेर टाक्सिँदै जान्छन् । तिनै उपेक्षित, उत्पीडित र सीमान्तीकृत समुदायका संस्कृति एवम् तिनका आवाजलाई स्थान दिने साहित्य नै नेपाली साहित्यका सन्दर्भमा 'पहिचानवादी साहित्य' का रूपमा चिनिएको छ । यसै मान्यतामा आधारित भएर यस अध्ययनलाई पूर्णता दिइएको छ ।

नेपाली भाषा–साहित्यमा चलेका आन्दोलन र अभियानहरूको चर्चा–परिचर्चा, अध्ययन–अनुसन्धान तथा विश्लेषण विभिन्न समालोचकहरूले विभिन्न कोणबाट गरिसकेका छन् । विषयवस्तु, दर्शन, चिन्तन, शिल्पसौन्दर्यजस्ता विविध कोणबाट यी अभियानहरूको अध्ययन–विश्लेषण भएको पाइन्छ । मोहनराज शर्मा, दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी, गोविन्दराज भट्टराईलगायतका अनुसन्धाता तथा समालोचकहरूले यी आन्दोलन र अभियानहरूको विश्लेषण विविध कोणबाट गरेको पाइन्छ । यसरी धेरै समालोचक र अनुसन्धाताहरूले अध्ययनको विषय बनाए पनि पहिचानलाई नै मूल विषय बनाएर विस्तृत रूपमा विश्लेषण गरेको पाइँदैन । त्यसैले यिनै समस्यामा केन्द्रित भएर अध्ययन गर्नु सान्दर्भिक भएको छ ।नेपाली भाषा–साहित्यमा चलेका विभिन्न अभियान र आन्दोलनबारे समग्रमा विश्लेषण र मूल्याङ्कन भएको पाइए पनि यी आन्दोलनहरूमध्ये पहिचानलाई मूल विषय बनाएर सञ्चालित अभियानबारे छुट्टै अध्ययन–विश्लेषण भएको पाइँदैन । यस अध्ययनमा पहिचानलाई मूल विषय बनाएर सञ्चालित नेपाली भाषिक–साहित्यिक आन्दोलनहरूको विश्लेषण गरी नेपाली भाषा–साहित्यमा यी आन्दोलनहरूको प्रभावको मूल्य निरूपण गरिएको हुँदा यस विषयमा जिज्ञासा राख्ने पाठकहरूका लागि आवश्यक तथ्य र सूचना उपलब्ध हुने भएकाले पनि प्रस्तुत शोधको औचित्य पुष्टि हुन्छ । यस लेखमा नेपाली भाषा–साहित्यमा सञ्चालन भएका अन्य अभियान/आन्दोलनहरूको अध्ययन यहाँ गरिएको छैन । यसमा केबल जातीय पहिचान र यससँग जोडिएर आउने भाषिक र सांस्कृतिक पक्षलाई मात्र आधार बनाइएको छ । यो नै यस अध्ययनको सीमा हो ।

यस अध्ययनले पहिचानलाई मूल विषय बनाएर सञ्चालन भएका नेपाली भाषिक–साहित्यिक अभियान/आन्दोलनहरूलाई उजागर गरेको छ । यी अभियान/आन्दोलनहरूले नेपाली भाषा–साहित्यका क्षेत्रमा पारेको प्रभावबारे पनि प्रस्तुत अध्ययनले प्रकाश पारेको छ । कस्तो सामाजिक–राजनीतिक सन्दर्भमा यी अभियान र आन्दोलनहरू सञ्चालन भएका थिए भन्ने यथार्थलाई पनि हामीले बुझ्ने छौँ । यही नै यस अध्ययनको उपयोगिता पनि हो ।

## अध्ययनविधि

उल्लिखित उद्देश्यहरूको प्राप्तिका लागि यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा पहिचानवादी अभियान/आन्दोलनहरूका घोषणापत्रहरूलाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा सम्बन्धित विषयमा लेखिएका विभिन्न ग्रन्थ, अनुसन्धानमूलक लेखहरूको सङ्कलन, लेख, अनुसन्धान प्रतिवेदन आदिलाई लिइएको छ । यसरी विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोगबाट निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा यी विभिन्न स्रोतबाट सङ्कलित सामग्रीलाई पुस्तकालयीय विधिमार्फत् व्याख्या र विश्लेषण गरिएको छ ।

भाषाको मानकीकरण, साहित्यको कथ्य र शैलीमा नवीनता वा साहित्यमार्फत् समाज र राजनीतिका विभिन्न क्षेत्रमा वैचारिक हस्तक्षेपको उद्देश्यले भाषिक–साहित्यिक आन्दोलन/अभियानहरू सञ्चालन हुने गरेका छन् । यस्ता आन्दोलन/अभियानहरू विश्वको हरेक देशमा चल्छन् । नेपालमा पनि विभिन्न समयमा यस्ता आन्दोलन/अभियानहरू चल्ने गरेका छन् । सिर्जनशील, समाजसचेत र सामाजिक–राजनीतिक रूपान्तरणका पक्षधर स्रष्टाहरूले यस्ता

आभियान/आन्दोलनहरू सञ्चालन गर्ने गरेका छन् । 'पहिचान' भनेको चिनारी वा परिचय हो । मानिसको 'पहिचान' का थुप्रै आधारहरू हुन्छन् । यसको अर्थ पहिचानको क्षेत्र व्यापक छ तर यस शोधमा जातीय पहिचान र यससँग जोडिएर आउने भाषिक र सांस्कृतिक पक्षलाई मात्र आधार बनाइएको छ ।

## नतिजा र छलफल

नेपाली भाषा–साहित्यमा चलेका 'पहिचानवादी आन्दोलन' को विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको विषय हो । नेपाली भाषा–साहित्यमा थुप्रै अभियान र आन्दोलनहरू चलेका छन् । कतिपय अभियान र आन्दोलनहरू अहिले पनि चलिरहेकै छन् । यीमध्ये कतिपय आन्दोलनहरू भाषाको स्तरीकरण र विकाससँग सम्बन्धित छन् भने कतिपय अभियानहरू साहित्यको वैचारिक पक्षसँग सम्बन्धित छन् । यस्तै, कतिपय साहित्यिक आन्दोलन र अभियानहरू सामाजिक–राजनीतिक परिवर्तनको उद्देश्यले पनि सञ्चालन गरिएको पाइन्छ । नेपाली भाषा–साहित्यमा चलेका यस्ता अभियान र आन्दोलनहरूमध्ये पहिचानवादी स्वर र आग्रह बोकेर सञ्चालन भएका आन्दोलनको विश्लेषणलाई यस शोधकार्यमा प्रमुख विषय बनाइएको छ । यी आन्दोलन र अभियानहरूले नेपाली भाषासाहित्यको विकासमा पारेको प्रभावलाई पनि यस अध्ययनमा विश्लेषण गरिएको छ ।

### पहिचानवादी काव्यिक आन्दोलनहरूको विश्लेषण

#### *सृजनशील अराजकता*

नेपाली साहित्यको परम्परागत प्रवृत्ति र संरचनालाई अस्वीकार गर्दै स्थापना भएको हो – 'सृजनशील अराजक समूह' (२०५७) । यसै समूहले साहित्यमा प्रयोग गरेको मान्यता 'सृजनशील अराजकता' को नामले चिनिएको छ । राजन मुकारुङ, हाङयुग अज्ञात र उपेन्द्र सुब्बाले यो आन्दोलन सञ्चालन गरेका हुन् । यो आन्दोलन सिर्जना र मूल्याङ्कनको स्थापित पद्धतिमाथि आक्रमण गरेर उदाएको हो (भट्टराई, २०६७, पृ. २३६) ।यस समूहका पाँच मान्यताहरू यस प्रकार छन् : १) वैचारिक अनेकानेक, २) सांस्कृतिक वैविध्य, ३) नश्लीय बोध, ४) कवित्व निस्सीमता र ५) सृजनात्मक निर्णय । "... हामी भन्छौं कि गहिराइ सत्य हो, सतहमा त क्षणभङ्गुर लहर मात्र हुन्छ । यस अर्थ सृजनशील अराजकताको काव्यिक–सत्यता केन्द्र हो" (अज्ञात, २०५८, पृ. आ) । साहित्यको सार्वभौम केन्द्रयतातर्फ उभिन आग्रह गर्दै अज्ञातले सांस्कृतिक वैविध्यलाई पनि स्वीकार गरिनुपर्ने मत राखेका छन् । "बहुमतका नाममा अल्पमतलाई समावेश नगर्दा राजनीतिक पद्धतिले ठुलाठालु सत्ताधारी र हैकमवादीकै लागि सधैँ यति हुनुपर्ने पद्धति र स्थितिको विरुद्धको सामाजिक न्याय र समानताको व्यवहारका लागि हुन आँटेको युद्धको शङ्खघोषको चर्को स्वर सृजनशील अराजकता हो" (काइँला, २०७१, पृ. ६–७) । यस अभियानले नेपाली समाजमा सत्ताद्वारा सिर्जना गरिएका सबै प्रकारका विभेदको अन्त्य चाहेको छ । समाजमा रहेका सबै प्रकारका विविधतालाई स्वीकार गर्दै समावेशीकरणको नीतिबाट नै यस्तो विभेदको अन्त्य हुने उनीहरूको विश्वास छ । उनीहरूका रचनामा यही विश्वास र आग्रह व्यक्त भएको पाइन्छ । यस समूहका स्रष्टाहरूले प्रारम्भमा आफ्ना मान्यतालाई कवितामा मात्र प्रयोग गरेको पाइन्छ । पछि निबन्ध र आख्यानजस्ता विधामा पनि यस मान्यताको प्रयोग हुन थालेको देखिन्छ ।

यस अभियानले यथास्थितिको विरोध गर्दै बहुलता र विविधतालाई आधार बनाएर सिर्जना गर्न चाहन्छ । आजसम्म केन्द्रीय र मूलधारको ठानिएको सिर्जना र मूल्याङ्कन प्रणालीले देशका अनेकौँ अकेन्द्रलाई बेवास्ता गरेको ठहरसहित यस अभियानले पुनर्मूल्याङ्कनको आग्रह गर्छ । देशमा एउटा मात्र जाति, धर्म र संस्कृतिले अन्य समुदायमा हैकम चलाएको इतिहासको पृष्ठभूमिमा यस अभियानले अब सबै जनजाति, नश्ल, विचार र धर्मका समुदायले रचना

गरेका साहित्यले मूल धारमा आउनुपर्ने आग्रह गरेको छ (भट्टराई, २०६७, पृ. २३६–२३७) । यस अभियानले पुराना विचार र साहित्यमाथि आक्रमण गरेको छ ।जनजाति स्रष्टाहरूद्वारा सञ्चालन गरिएको यस अभियानले नेपाली साहित्यमा दूरगामी प्रभाव पारेको देखिन्छ । साहित्यको चिन्तन र शैलीमा पनि प्रभाव पारेकाले नेपाली साहित्यमा यस अभियानको योगदान प्रभावकारी, ऐतिहासिक र स्मरणीय छ ।

### *विशेष रङ्गवाद*

विशेष रङ्गवादको परिकल्पना २०६० सालको आरम्भतिर गरिएको भए पनि यसको औपचारिक घोषणा २०६१ सालमा भएको देखिन्छ । यस आन्दोलनका परिकल्पनाकार धमेन्द्रविक्रम नेम्बाङले आफ्नो कवितासङ्ग्रह 'भीरैभीरको रङ्ग' (२०६१) मा 'विशेष रङ्गवाद' को घोषणा प्रस्तुत गरेका थिए (भट्टराई, २०७१, पृ. ५१५) । त्यसो त यसका प्रवर्तक नेम्बाङले 'नूतन पाइला' (२०५५) साहित्यिक मासिक नै यसको प्रथम पाइला भएको उल्लेख गरेका छन् (२०६८, पृ. ५६) । त्यस पत्रिकामा नेम्बाङको कविता 'निबु खोला र नीलो भावना' प्रकाशित भएको छ । यस आन्दोलनमा चन्द्रवीर तुम्बापो (लिम्बू), स्वप्निल स्मृति (सनमान चेम्जोङ), चन्द्र योङ्या (लिम्बू), समदर्शी काइँला (लिम्बू), प्रकाश विमिललगायत सहयात्री छन् । यस आन्दोलनबारे नेम्बाङ (२०६८) ले लेखेका छन् :

> हामीसँग भएको नेपाली समस्या, गरिबी, अभाव, अव्यवस्थाको समाधानमा अरू कतैको सिद्धान्तले दबाई गरिरहेकोले यसको सही उपचार हुन सकेको छैन । त्यसको लागि नेपाली दर्शन चाहिन्छ । त्यो नै बहुरङ्गवाद हो भन्ने यसको ठहर गर्दै, साहित्यको बाटोबाट दर्शन नै पुनर्लेखन गर्दै, द्वन्द्व, युद्ध समाधानको मापदण्ड या समृद्ध समाज निर्माणको आधार नै नेपाली मौलिकता, विशेषता, निजत्व, हार्दिकता, सापेक्षता (मौविनिहासा) को दर्शनको निर्माण हो ठहर गर्दै, बहुरङ्गवाद भन्नु नै नेपाली मौविनिहासा हो, हाम्रो देशको चरित्र नै बहुरङ्गीन चरित्र भएकोले यो बहुरङ्गवादी देश घोषणा गर्दै, आन्दोलनहरूलाई सिद्धान्तकृत गर्न बहुरङ्गवादी आन्दोलन सडकमा आयो ।(पृ. ५७)

यस आन्दोलनको नाम भने समयक्रममा परिवर्तन हुँदै गएको देखिन्छ । विशेष रङ्गवाद, सामान्य रङ्गवाद हुँदै सामान्य बहुरङ्गवाद भएको देखिन्छ (नेम्बाङ, २०६८, पृ. ६४) । यस आन्दोलनअन्तर्गत घोषणापत्र पनि पटक–पटक परिमार्जन भएको पाइन्छ । पहिलो घोषणापत्रमा सोचको नवीनतासँगै विसङ्गति, अस्पष्टता र भ्रान्ति पनि देखिन्छन् (भट्टराई, २०७१, पृ. ५१६) । घोषणापत्रमा संशोधन र विस्तार गर्दै रङ्ग साहित्य परिवारका तर्फबाट धर्मेन्द्रविक्रम नेम्बाङले २०६१ असोज २८ गते 'रङ्गवादको आयतन : एक घोषणापत्र' शीर्षकमा अर्को घोषणापत्र प्रस्तुत गरे । तीन वर्षपछि 'सामान्य रङ्गवाद : एक घोषणा पाता' शीर्षकमा तेस्रो घोषणापत्र सार्वजनिक गरे । रङ्गवादीका विचारमा निरन्तर परिष्कार, परिमार्जन र संशोधन भएको देखिन्छ (भट्टराई, २०७१, पृ. ५१६) ।

रङ्गवादीहरू अनेकता र बहुलताका पक्षमा छन् (भट्टराई, पृ. २०७१, पृ. ४६२) । समालोचक भट्टराई र कृष्ण गौतमले यस आन्दोलनअन्तर्गत लेखिएका कतिपय कवितालाई उत्तरआधुनिक भनेका छन् । यस आन्दोलनका स्रष्टाहरूले व्याकरणलाई अतिक्रमण गरेका छन् भने भाषालाई भाँचेका छन् । परम्पराको विरोध गर्दै नवीनताको आग्रह गर्नु यस आन्दोलनको विशेषता हो । "विशेष रङ्गवादले जाति, धर्म, वर्ण, लिङ्ग, सम्प्रदाय, भाषा, वर्ग, राजनीति, राज्य आदिमा विभाजित मान्छेलाई एउटै रङमा ल्याउन चाहन्छ । यो विशेष रङ्गवाद नेपाली साहीत्यको स्थितिलाई चेसखेलको विशेषण थमाउँदै समर्थन या विरोध दुवैको बहिष्कृतिका साथ मनको सिद्धान्तलाई पक्रेर धावनमार्ग तयार गरेको लेखनी हो" (गौतम, २०८० ख, पृ. ४२७–४२८) । यस आन्दोलनमा सहभागी धमेन्द्रविक्रम नेम्बाङ, चन्द्रवीर

तुम्बापो, स्वप्निल स्मृति, समदर्शी काइँला, चन्द्र योङ्या आदि जनजाति समुदायका हुन् । यो आन्दोलन जनजाति स्रष्टाहरूकै नेतृत्व र संलग्नतामा अगाडि बढेको छ । यस आन्दोलनले एक अङ्क अर्थात् एकल केन्द्रलाई नै अस्वीकार गरेको छ । विविधता र अनेकतालाई स्वीकार गर्नु यसको उल्लेख्य पक्ष हो । यसले वैचारिक र दार्शनिक रूपमा नेपाली साहित्यमा नयाँ अवधारणा ल्याएको छ । कथ्य र शिल्पमा नवीनताका कारण पनि यो आन्दोलन स्मरणीय छ ।

***उत्तरवर्ती विन्दु समूह***

'उत्तरवर्ती सोच' का साथ 'उत्तरवर्ती विन्दु समूह' को स्थापना भएको हो । 'उत्तरवर्ती सोच' को प्रारम्भ २०६० मै भएको देखिन्छ । केन्द्रीकृत सत्ताबाट दमित आम नेपाली नागरिकहरूमध्ये पनि युगौँ उत्पीडन, दमन र शोषणमा पिल्सिएका वास्तविक सार्वभौमसत्ता सम्पन्न तर सीमान्तीकृत जातजातिहरूको स्वअस्तित्वबोधताको सोच अगाडि सारेर यो अभियान थालिएको हो (सुब्बा, २०६८, पृ. ४४) । यो अभियान पूर्वी नेपाल (पाँचथर) बाट थालिएको हो । यस अभियानका अगुवा कविहरू सगुन सुसारा (राई), राज माङ्लाक (लिम्बू) र भवानी तावा (लिम्बू) थिए भने यसका वैचारिक व्याख्याता कवि तथा समालोचक थाम्सुहाङ पुष्प सुब्बा (लिम्बू) थिए । उत्तरवर्ती साहित्यकारहरूकै आह्वानमा २०६० कात्तिक २१ गते पान्थर (पाँचथर) को राँके भन्ज्याङमा 'सृजनशील साहित्यकारहरूको नादङ' सम्पन्न भयो । सोही नादङ (भेला) ले राजधानीमुखी साहित्यले मोफसलहरूको 'जीवन' लेख्न नसक्ने जिकिर गर्दै 'उत्तरवर्ती सोच' प्रारम्भ गर्ने निर्णय गर्‍यो । यसको घोषणापत्र भने पछि प्रकाशित भयो । उनीहरूले आफ्ना रचना र विचारहरूको प्रकाशनका लागि 'चक्रव्यूह' पत्रिका पनि प्रकाशन गरेको पाइन्छ । यस आन्दोलनले एक भाषा, एक धर्म र एक संस्कृतिको आधिपत्यको चर्को विरोध गर्‍यो । उनीहरूले आफ्ना कवितामा जनजातीय मातृभाषाका शब्दहरूको प्रचुर प्रयोग गरे । उनीहरूले यस अभियानलाई सत्ताको शक्तिद्वारा दमित, आफ्नै ऐतिहासिक प्रस्तावनाबाट लखेटिएका, भाषिक र सांस्कृतिक सम्पदाबाट विस्थापित, शोषण र दमनबाट उत्पीडित आदिवासी, जनजाति र सीमान्तीकृत जातजातिहरूको अस्तित्वबोधको आन्दोलन एवम् अधिकारप्राप्तिको मार्ग बताएका छन् (सुब्बा, २०६८, पृ. ४६) । यस समूहका मूल मान्यता हुन् : तथाकथित भूमण्डलीकरणको अस्वीकार, समग्रतावादी र आत्मनिर्णयको अधिकारको दाबी, स्वायत्तता र आत्मनिर्णयको अधिकारको दावी, बहुलवादी नेपाली साहित्यमा नयाँ अस्तित्वको दावी, नेपाली साहित्यमा समग्र राष्ट्रिय साहित्यको समान मान्यताको दावी तथा उत्तरआधुनिक साहित्य निर्माणमा पूर्वीय चिन्तनको सैद्धान्तिक खोज (शर्मा, २०७६, पृ. २२२–२२३) ।

जनजातीय मिथकहरूको प्रयोग, स्थानिक समस्याहरूको प्रकटीकरण, स्थानिक र मौलिक शब्दहरूको प्रयोग, दमन र उत्पीडनबाट उन्मुक्ति, स्वपहिचानसहितको स्वसार्वभौमिक अधिकारको वकालतलाई यसले आफ्नो मूल मन्त्र बनायो । 'उत्तरवर्ती सोच' ले उत्तरआधुनिकताको वैचारिक प्रतिमानलाई सीमान्तीकृत समूहहरूको अधिकार प्राप्तिको सङ्घर्षका निम्ति पनि प्रयोग गर्न सकिने उदाहरण देखाएको उप्रेती (२०६६) ले उल्लेख गरेका छन् (पृ. ३८) । 'पूर्वीय पहाडका मिथक, भाषा–संस्कृतिमा बिम्ब तथा दर्शनसँग मिसिँदै आउँदा युरोपेली पश्चिमी उत्तरआधुनिकताले पूर्वीय नेपाली रङ समातेको छ । डेरिडा लिम्बू बन्न पुगेका छन् (उप्रेती, २०६६, पृ. ३८) । स्थानिकता र बहुल सत्यको स्वीकोरोक्ति उत्तरआधुनिकताको सबल पक्ष भए पनि कहिलेकाहीँ अराजनीतिक स्वरूप लिँदै शैलीगत रूपमा मात्र प्रस्तुत हुनु यसको कमजोर पक्ष भएको उल्लेख गर्दै उप्रेतीले 'उत्तरवर्ती सोच' का स्रष्टाहरूले उत्तरआधुनिकताबारे प्रस्ट हुनुपर्ने विचार राखेका छन् (२०६६, पृ. ३९) ।

यस अभियानका अगुवा कविहरू सगुन सुसारा (राई), राज माङ्लाक (लिम्बू) र भवानी तावा (लिम्बू) तथा यसका वैचारिक व्याख्याता कवि एवम् समालोचक थाम्सुहाङ पुष्प सुब्बा (लिम्बू) जनजाति समुदायका हुन् । जनजाति समुदायकै स्रष्टाहरूको नेतृत्व र संलग्नतामा अगाडि बढेको यस अभियानले पनि नेपाली कविताको कथ्य र शैलीमा नवीनता प्रदान गरेको छ । 'एक' ले 'अनेक' माथि चलाएको दमनचक्रको विरोध गर्दै उनीहरूले प्रतिरोधी चेतनायुक्त धारिला कविताहरू लेखेका छन् । यो नेपाली साहित्यका लागि उपलब्धि हो ।

***पहिचान साहित्य अभियान***

समतामूलक समाज निर्माणको आग्रहसहित प्रारम्भ भएको वैचारिक लेखनको अभियान हो – 'पहिचान साहित्य लेखन' (२०७१) । यस अवधारणाका प्रवर्तक श्रीशीशा राई हुन् । अनौपचारिक रूपमा २०७० सालमै सुरु गरिएको भए पनि यसको औपचारिक घोषणा भने २०७१ सालमा भएको हो । ०७१ सालको असार २८, २९ र ३० गते धरानमा आयोजित 'धरान साहित्य महोत्सव–०७१' को अन्तिम दिन (३० गते) श्रीशीशा राईले 'पहिचान साहित्य लेखन : एक अवधारणा' शीर्षकमा अवधारणापत्र प्रस्तुत गरेका थिए । यसै अभियानलाई गति दिन मुखपत्रको रूपमा 'बागियान' (साहित्यिक द्वैमासिक) प्रकाशन गर्न थालिएको छ । 'पहिचान साहित्यका लागि साहित्यिक पत्रकारिता' को मूल नारासहित २०७२ असोज १ गते 'बागियान' को पहिलो अङ्क प्रकाशित भएको हो । अहिलेसम्म यसको २३ औँ अङ्क प्रकाशन भइसकेको छ । पत्रिका प्रकाशनमा श्रीशीशा राईसहित राज माङ्लाक, इन्द्रसुर बेल्टारे, सगुन सुसारा, तीर्थ कार्की र प्रमिला बान्तावा सहभागी छन् । केही समय प्रकाश दिप्साली पनि पत्रिकाको सम्पादन समूहमा सहभागी थिए तर कार्यव्यस्तताका कारण अहिले उनी जिम्मेवारीमा छैनन् (श्रीशीशा राईसँग २०८०/१२/१३ मा गरिएको कुराकानीबाट प्राप्त जानकारी) ।

नेपाली साहित्य लेखनको अन्तिम लक्ष्य नयाँ नेपाल निर्माण हुनुपर्ने चर्चा गर्दै उनले यथेष्ट समावेशी चरित्र भएको समतामूलक समाजको स्थापनाबाट मात्र यो लक्ष्य पूरा हुने तर्क गरेका छन् । 'समावेशी चरित्रसहितको समतामूलक समाजको निर्माण लेखनबाट हुने पाठकको चेतना अभिवृद्धिमार्फत् जातीय, क्षेत्रीय, वर्गीय, लिङ्गीय, वैचारिक, संवेगात्मकलगायत सबै विभेदको अन्त्यबाट मात्र सम्भव भएकाले यो विभेदको अन्त्यको उद्देश्यसहित साहित्य लेखिनुपर्ने मान्यतालाई यस अभियानले जैड दिएको छ (राई, २०७१) । समाजका सजीव, निर्जीव वा संवेग सबै सन्दर्भहरूमा समान क्षमतामा पुगेको समाज नै समतामूलक समाज हुने उल्लेख गर्दै राईले पहिचान साहित्य लेखनको अभीष्ट यही हुनुपर्ने आग्रह गरेका छन् ।राज्यको हरेक क्षेत्रमा समावेशिता नै यस अभियानको मूल उद्देश्य भएको देखिन्छ । नेपाली समाजमा विद्यमान् विविधता राज्यको अनुहारमा देखिनुपर्ने यसको मान्यता छ र साहित्यमार्फत् यही मान्यतालाई स्थापित गर्नु वा यसका लागि जागरण फैलाउँदै राज्यलाई पनि दबाब दिनु यस अभियानको मूल लक्ष्य भएको पाइन्छ ।

सबै जाति, क्षेत्र, वर्ग, धर्म, सम्प्रदाय र समुदायका मानिसहरू हरेक दृष्टिबाट समान हुनु नै समतामूलक समाज हो । यसका लागि सबै प्रकारका विभेदको अन्त्य गरेर आवश्यकताअनुसार अधिकार स्थापित हुनुपर्छ । एउटा समुदायको भाषा, धर्म, संस्कृतिले मात्र संरक्षण पाएमा अन्य समुदायका भाषा, धर्म र संस्कृति पछि पर्ने भएकाले पछाडि परेका समुदायका भाषा, धर्म र संस्कृतिको विकासका लागि अगाडि बढेका समुदायका स्रष्टाहरूले पनि कलम चलाउनुपर्ने यस अभियानको आग्रह छ । वर्तमान नेपालको राजनीतिले बोध गराएको सामाजिक परिवेशलाई हेर्दा सबै

स्रष्टाहरूले पहिचानको लडाइँ लडिरहेका कुनै पनि वर्ग, समुदाय र विचारहरूको पक्ष र प्राथमिकतामा लेख्नुपर्ने आवश्यकता देखिएको सन्दर्भलाई यस अभियानमा उठाइएको छ ।

यस अभियानका प्रवर्तक श्रीशीशा राई तथा 'बागियान' पत्रिका प्रकाशनमा सहभागीहरूमध्ये राज माङ्लाक (लिम्बू), इन्द्रसुर बेल्टारे (राई), सगुन सुसारा (राई), प्रमिला बान्तावा राई र प्रकाश दिप्साली (राई) जनजाति समुदायका हुन् । समतामूलक समाज निर्माणलाई साहित्य सिर्जनाको उद्देश्य बनाउनुपर्ने यसको उद्देश्य सकारात्मक देखिन्छ । पूर्वी नेपालका जनजाति स्रष्टाहरूमा यस अभियानले प्रभाव पारेको देखिन्छ । यसले समाजप्रति जिम्मेवार लेखनको आग्रह गरेको छ । जनजाति स्रष्टाहरूले सञ्चालन गरेका साहित्यिक अभियानहरूमध्ये यो पनि स्मरणीय छ ।

***इतर अभियान***

राज्यसत्ताबाट हेपिएका र पछाडि पारिएका समुदायका आवाजलाई मूल धारमा स्थापित गर्ने उद्देश्यले आरम्भ गरिएको अभियान हो – 'इतर अभियान' (२०७३) । नेपालमा भएका मूल धार तथा विभिन्न साहित्यिक आन्दोलनहरूले व्यक्तिवादी मीमांसामात्र निर्माण गरे तर आम समुदायमाझ अकेन्द्रित रह्यो त्यसैले 'इतर अभियान' को स्थापना गर्नुपर्छ भने सोच आएको हो । सीमान्तीकृत, उत्पीडित वर्ग–समुदायको सौन्दर्य, पहिचान र मुक्तिलाई नै यस अभियानले आफ्नो उद्देश्य बनाएको छ (पोमू, २०७७, पृ. ३) । यस अभियानको अवधारणा पोमूले नै अघि सारेका हुन् (पराजित पोमूसँग २०८०/१२/१६ मा गरिएको कुराकानीबाट प्राप्त जानकारी) । दक्षिण कोरियामा कामदारका रूपमा रहेका नेपाली स्रष्टाहरू यस अभियानमा संलग्न छन् । उनीहरूले यस अभियानलाई अगाडि बढाउन 'इतर आवाज साहित्य समाज' गठन गरेको पाइन्छ । साहित्य–संस्कृति मात्र होइन, आम जीवन नै आयातित विचारले औपनिवेशीकृत भइरहेका बेला यस अभियानले 'कोर्स करेक्सन' को आग्रह पालेको छ (पोमू, २०७७, पृ. ३) । यस समाजको पहिलो कार्यसमितिमा शीर्षबिन्दुमा पराजित पोमू र वियोगी काइँला, केन्द्रबिन्दुमा सुरेशसिंह सम्बाहाम्फे, निर्गराज राई, गणेश करुङ हाङ्सेम र सकुन लिम्बू तथा शिरबिन्दुमा डम्बर लिम्बू, मातृका नेम्बाङ, डोलु आले मगर, सजना यक्सो, उत्तम खजुम, बाबु साइँला र डेनिसा राई छन् (पोमू, २०७७, पृ. ६८७) ।

नेपालमा रहेका सीमान्तीकृत र उत्पीडित वर्ग–समुदायका आवाजलाई गोलबन्द गर्ने यसको ध्येय हो । यसको घोषणापत्र तयारी अवस्थामा रहे पनि सार्वजनिक भने गरिएको छैन (पराजित पोमूसँग २०८०/१२/१६ मा गरिएको कुराकानीबाट प्राप्त जानकारी) । यस अभियानअन्तर्गत कविता सङ्ग्रहहरू 'इतर कविता' (२०७६) र 'यो मेसिनको सहर हो' (२०७८) प्रकाशित भएका छन् । 'इतर कविता' मा नेपालका १२ वटा उत्पीडित समुदायका कविहरूले लेखेका उत्पीडनविरोधी कविताहरू सङ्गृहीत छन् । यसमा उपेक्षित–उत्पीडित वर्ग–समुदायका झन्डै साढे तीन सय कविका कविताहरू सङ्कलित छन् । 'इतर कविता' का कविताहरू आदिवासी सौन्दर्यको मूल मुद्दामा केन्द्रित छन् । 'यो मेसिनको सहर हो' मा ३४ जना कविका एक एकवटा कविता समावेश छन् । हरेक कविता नेपाली र कोरियाली दुवै भाषामा छन् । यो निकै महत्त्वपूर्ण काव्यिक उपलब्धि हो । यस अभियानले कोरियामा 'कविता कन्सर्ट' (सन् २०१८), 'उभौली कविता' (सन् २०२०) तथा अन्य थुप्रै कार्यक्रमहरू गरेको छ । यस अभियानका सबै अभियन्ताहरू जनजाति समुदायकै हुन् । सीमान्तीकृत–उत्पीडित वर्ग र समुदायका आवाजलाई साहित्यका माध्यमबाट केन्द्रमा पुऱ्याउन यस अभियानले महत्त्वपूर्ण भूमिका खेलेको छ । आदिवासी जनजाति समुदायको सौन्दर्य र पहिचानलाई मूल धारमा स्थापित गर्न यस अभियानको उल्लेख्य भूमिका छ ।

**निष्कर्ष**

नेपाली भाषा–साहित्यमा प्राथमिक कालदेखि नै विभिन्न आन्दोलन र अभियानहरू सञ्चालन हुन थालेका भए पनि पहिचानवादी स्वर र आग्रह पछिल्लो समयको चेतना हो । त्यसैले नेपाली साहित्यको आधुनिक कालकै उत्तरवर्ती चरण (२०३६–हालसम्म) कै पछिल्लो समयमा यस्ता अभियानहरू चलेका छन् । यी अभियान/आन्दोलनहरूले पहिचानको मुद्दा बोकेका छन् । नेपाली समाजमा पछाडि परेका/पारिएका वर्ग–समुदायमाथि हुने सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य र समान अधिकारको माग यस्ता अभियानहरूले साहित्यमार्फत् सशक्त रूपमा उठाउने गरेका छन् । यिनै अभियान/आन्दोलनहरूको प्रभावस्वरूप अहिले पहिचानको मुद्दा नेपाली समाज र राजनीतिको केन्द्रीय मुद्दाको रूपमा स्थापित भएको छ ।

**सन्दर्भसामग्री**

अज्ञात, हाङयुग (२०५८), साहित्यको विस्तृति–२, राजन मुकारुङ (ले.), *प्रारम्भ प्रक्षेपण*, रोजी थुलुङ (साम्पाङ) ।

उप्रेती, सञ्जीव (२०६६), उत्तरवर्ती सोच र भिन्नताको कुरा, *सुम्हा?लुङ* (वर्ष १२, अङ्क ६), पृ. ३७–४१ ।

काइँला, वैरागी (२०७१), कवितामा नश्लबोध र करङको हिरासत, हाङ्युग अज्ञात (ले.), *करङको हिरासत*, फिनिक्स बुक्स ।

गौतम, लक्ष्मणप्रसाद (२०८०), आधुनिक नेपाली कविताको इतिहास, माधवप्रसाद पोखरेल (सम्पा.), *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास* (चौथो ठेली), जगदम्बा प्रकाशन, पृ. १६५–७३६ ।

नेम्बाङ, धर्मेन्द्रविक्रम (२०६८) , बहुरङ्गवादको आधार, मार्गनिर्देशक सिद्धान्त, प्रथम चरण आन्दोलनको स्थगन, *विमर्श* (वर्ष १, अङ्क १), पृ. ५६–६५ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, साझा प्रकाशन ।

पोमू, पराजित (सम्पा.) (२०७७), *इतर कविता* (दो.सं.), इतर अभियान ।

भट्टराई, गोविन्दराज (२०६७), *काव्यिक आन्दोलनको परिचय* (ते.सं.), साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०७१), *उत्तरआधुनिक विमर्श* (दो.सं.), ओरिएन्टल पब्लिकेशन हाउस ।

राई, श्रीशीशा (२०७१), पहिचान साहित्य लेखन : एक अवधारणा (अप्रकाशित कार्यपत्र)।

शर्मा, सुकुम (२०७६), *नेपाली भाषा–साहित्यमा आन्दोलन* (दो.सं.), हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

सुब्बा, थाम्सुहाङ पुष्प (२०६८), उत्तरवर्ती सोच र वर्तमान सन्दर्भ, *विमर्श* (वर्ष १, अङ्क १), पृ. ४४–५२ ।